"समृद्ध नगर, खुशी नगरवासी"
# गुर्भाकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
शुभाघाट, सुर्खेत
कर्णाली प्रदेश, नेपाल
२०७३
फोन ०८३-५१००७२
E-mail: sktgurbhakotmun@gmail.com
website : gurbhakotmun.gov.np

## हामी अभिभावक कार्यक्रम सञ्चालन सम्वन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मितिः२०८०/०१/१३

यस नगरपालिकाको आ.व.२०७९/०८०को स्वीकृत वार्षिक कार्यक्रम अनुसार हामी अभिभावक कार्यक्रम सञ्चालनको लागि देहायका मापदण्ड पुगेका बालबालिकाहरुले तोकिएको आवश्यक कागजातहरु सहित सूचना प्रकाशित भएको मितिले १५ (प्रन्ध) दिन भित्र यस नगरपालिकाको आवासिय छात्रवास सञ्चालन कार्यविधि,२०७९ को अनुसूचि १ बमोजिमको आवेदन फाराम भरि यस नगरपालिकामा आवेदन दिन हुन मिति २०८०/०१/१३ गतेको निर्णयानुसार सम्बन्धित सबैको जानकारिको लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

**१.देहायका बालबालिकाः**

(क) आमा र बाबु दुबैको मृत्य भएको,कोही पनि आफन्त नभई अरुको शरणमा बसेका बालबालिका,

(ख) आमा र बाबु दुबैको मृत्यु भई आफै घरमुलि भएका बालबालिका,

(ग) आमा र बाबु दुबैको मृत्यु भई आफन्तको रेखदेखमा रहेका बालबालिका,

(घ) आमा र बाबु दुबै मानसिक रोगी, बेपत्ता, पूर्ण अपाङ्ग भई उनिहरुबाट उचित संरक्षण पाउन नसकेका बालबालिका,

(ङ) आमा वा वावु मध्ये कुनै एकको मृत्यु,वेपत्ता,दोस्रो विवाह गरि टाढा बसेका,बौद्दिक तथा इन्द्रिय सम्बन्धी दीर्घकालीन अशक्तता भएका, बावुको पहिचान नभएका वा पुर्ण अपाङ्ग भई एकल अभिभावक संग बसिरहेका बालबालिका,

(च) आमा वा बाबु भएपनि आफ्नो सम्पति नभएको (अति गरिब),स्याहारसुसार गर्ने परिवारको सदस्य वा संरक्षक नभएको (बेसहारा),

**२.कोटा संख्याः**२० (बिस)

**३.छनोटको लागि योग्य बालबालिकाको उमेरः** ८वर्ष पुरा भई १५ वर्ष ननाघेको ।

**४.आवश्यक कागजातहरुः**

(क) जन्मदर्ताको प्रमाणित प्रतिलिपि । (ख) अभिभावक/संरक्षकको नागरिकताको प्रमाणित प्रतिलिपि ।

(ग) २ प्रति फोटो । (घ) सम्वन्धित वडाको सिफारिस ।

**५. सूविधा,छनोट लगायत अन्य कार्यविवरणः**गुर्भाकोट नगरपालिकाको आवासिय छात्रवास सञ्चालन कार्यविधि, २०७९ वमोजिम।

**६.थप जानकारी र फाराम पाइने स्थानः**गुर्भाकोट नगर कार्यपालिकाको कार्यालय,शुभघाट,सुर्खेत।

०१/१२

चित्रबहादुर ढकाल
प्रशासकिय अधिकृत

बोधार्थः

१.श्री वडा कार्यालय (सबै),गुर्भाकोट नगरपालिका, सुर्खेत ।

२.श्री सूचना प्रविधि शाखाःवेभाईटमा अवलोड गरिदिनुहुन ।



CamScanner